# स्थानीय राजपत्र

**भूमिकास्थान नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड–९, संख्या : ४, असोज ७ गते, २०८३ साल**

## भाग–२

**भूमिकास्थान नगरपालिका**

भूमिकास्थान नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ (१) बमोजिम नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

कार्यविधिको नाम : **विद्यालय समायोजन, दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि - २०८३**

मिति : २०८३/०६/०२ गतेको बैठकबाट पारित

**प्रस्तावना :** भूमिकास्थान नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरूको आवश्यकता, विद्यार्थी सङ्ख्या, भौगोलिक तथा सामाजिक अवस्था, शिक्षक दरबन्दीको उपलब्धता र शैक्षिक गुणस्तरलाई आधार बनाई विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानलाई व्यवस्थित, पारदर्शी, वस्तुनिष्ठ र प्रभावकारी बनाउन तथा विद्यालयको शैक्षिक नेतृत्वलाई सुदृढ तुल्याउन योग्य, सक्षम र उत्तरदायी प्रधानाध्यापकको छनौट तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले भूमिकास्थान नगरपालिकामा यो कार्यविधि लागु गर्नको लागि स्वीकृत गरिएको छ।

**परिच्छेदः-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

**(क) "नगरपालिका"** भन्नाले भूमिकास्थान नगरपालिका सम्झनु पर्छ।

**(ख) "ऐन"** भन्नाले शिक्षा ऐन २०२८ लाई सम्झनु पर्छ।

**(ग) "नियमावली"** भन्नाले शिक्षा नियमावली २०५९ सम्झनु पर्छ।

**(घ) "दरबन्दी"** भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ तथा राहत अनुदान समेतलाई जनाउँछ।

**(ङ) "विद्यालय व्यवस्थापन समिति"** भन्नाले ऐनको दफा (१२) बमोजिम विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

**(च) "विद्यालय"** भन्नाले प्रचलित कानुनबमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनु पर्छ।

**(छ) "प्रधानाध्यापक"** भन्नाले विद्यालयको दैनिक प्रशासनिक तथा शैक्षणिक कार्य गर्न जिम्मेवारी प्राप्त शिक्षकलाई सम्झनु पर्छ।

**(ज) "समायोजन"** भन्नाले आवश्यकता अनुसार विद्यालय अर्को विद्यालयमा गाभ्ने, कुनै विद्यालयको कक्षा वा तह अर्को विद्यालयमा गाभ्ने भन्ने बुझिन्छ।

**(झ) " विद्यार्थी संख्या"** भन्नाले शैक्षिक सत्र २०८२ मा भर्ना भएका विद्यालय निरन्तर आउने इमिस अनुसारको विद्यार्थी संख्या भन्ने बुझिन्छ।

(ञ) **"तह मिलान"** भन्नाले विद्यालयको कुनै तह घटाउने, हटाउने भन्ने बुझिन्छ।

(ट) **"कक्षा मिलान"** भन्नाले विद्यालयको कुनै कक्षा घटाउने वा बढाउने भन्ने बुझिन्छ।

**(ठ) "शाखा प्रमुख"** भन्नाले भूमिकास्थान नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखको रुपमा काम गर्न तोकिएको शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ।

**(ड) "शिक्षा शाखा"** भूमिकास्थान नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

**परिच्छेद २**

**विद्यालय समायोजन, तह मिलान, कक्षा मिलान सम्बन्धी व्यवस्था**

**३. विद्यालय समायोजन :** भौगोलिक तथा विद्यार्थी सङ्ख्याको आधारमा एक विद्यालयलाई अर्को विद्यालयमा वा विद्यालयको कुनै तह वा कक्षालाई नजिकको सोभन्दा माथिल्लो तहको विद्यालयमा समायोजन, तह वा कक्षा घटुवा देहायको आधारमा गरिनेछ।

**(क)** विद्यालय आवतजावत गर्न लाग्ने समयः विद्यालयहरुबीचको दुरी २ किलोमटर भन्दा कम भई पैतालिस मिनेट भन्दा कम पैदल यात्राको समय लाग्ने विद्यालयहरुः-

**(ख)** विद्यार्थी सङ्ख्याः भौगोलिक क्षेत्र अनुसार तहगत रुपमा देहाय अनुसारको विद्यार्थी सङ्ख्या नभएका नजिकैको विद्यालयहरुः

| विद्यालयको तह | | | |
|---|---|---|---|
| कक्षा १३- | कक्षा १५- | कक्षा ६८- | कक्षा ९१०- |
| १५ | ३० | ५० | ७० |

**(ग)** कक्षा १ - ३ सञ्चालन भएका तर माथि किटान गरिएका विद्यार्थी संख्या नभएमा सञ्चालित कक्षा घटाइ वा समायोजन गरी बालबिकास कक्षा मात्र राखिने छ । तर बालविकास केन्द्रमा विद्यार्थी संख्या शुन्य भएमा सम्बन्धित सहजकर्तालाई नगरपालिकाले अन्य विद्यालयमा खटाउँन सक्नेछ ।

**(घ)** कक्षा १- ५ सञ्चालन भएका तर माथी किटान गरिएका बिद्यार्थी संख्या नभएमा पहिलो पटकको लागि कक्षा घटाइ कक्षा १- ३ सम्म संचालन गरिने छ ।

**(ङ)** विद्यालयको कक्षा घटाइ वालबिकास मात्र रहने अबस्थामा उक्त समायोजित बिद्यालयको बिद्यालय कर्मचारी अन्य विद्यालयमा आवश्यकताका आधारमा समायोजन गरिने छ ।

**(च)** आधारभूत तह (कक्षा १-५) को तह मिलान, कक्षा घटुवा र दरबन्दी मिलान गर्दा माध्यमिक विद्यालय र आधारभूत तह कक्षा १ - ८ सञ्चालन भएका विद्यालयहरुमा बिद्यार्थी संख्या गणना गर्दा कक्षा १ - ५ का जम्मा बिद्यार्थी गणना गरिने छ।

**(छ)** विद्यालयमा आवश्यक विद्यार्थी सङ्ख्या, भौतिक अवस्था र समुदायबाट पर्याप्त सहयोग हुन नसकिं विद्यार्थी, शिक्षक तथा विद्यालयहरुबीच प्रतिस्पर्धात्मकता सिर्जना हुन नसकेका विद्यालयहरु र समुदायले स्वघोषणा सहित लेखी पठाएमा त्यस्ता विद्यालयहरु वा सो विद्यालयको कक्षा वा तह घटाउन सकिनेछ ।

**(ज)** माध्यमिक तहका ठुला विद्यालय सञ्चालन गर्न भौगोलिक आधारमा नजिक रहेका माध्यमिक विद्यालयलाई आपसी सहमति अनुसार माथिल्लो तहको विद्यालयमा समायोजन गरी ठुला माध्यमिक विद्यालय सञ्चालन गर्न सकिनेछ । यसरी समायोजित भइ बनेका ठुला विद्यालयहरुलाइ नगरपालिका बाट आवश्यकता अनुसार थप प्रोत्साहन गरिने छ ।

**(झ)** तर कुनै विद्यालयको कुनै विचको तहमा विद्यार्थी संङ्ख्याको अनुपात तहगत नभए पनि समायोजन गरीने छैन् ।

(ञ) कक्षा समायोजन तथा दरबन्दी मिलानको क्रममा कक्षा घटुवा भएका विद्यालयहरुमा कक्षा पुन: सञ्चालन गर्नुपर्ने अवस्था भएमा प्रत्येक कक्षामा कम्तीमा १० जना विद्यार्थी हुने सुनिश्चितता का आधारमा नगर कार्यपालिकाले पुन:कक्षा सञ्चालन गर्न सक्नेछ ।

(ट) यो कार्यविधिबमोजिम विद्यालय समयोजन तथा दरबन्दी मिलान गर्दा क्रमशः आधारभूत तह १-५, १-८ साथै १-१० र १-१२ सञ्चालित विद्यालयमा विद्यार्थी संख्याको मापदण्डबमोजिम क्रमशः गरिनेछ ।

## परिच्छेद ३

## दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**४. शिक्षक दरबन्दी मिलान :** (१) शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ ।

**(क)** शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा विद्यार्थी संख्या लाई मुख्य आधार बनाईनेछ ।

**(ख)** कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरिनेछ ।

(अ) कक्षा १-३ सञ्चालित विद्यालयमा कम्तिमा २ बटा शिक्षक दरबन्दी र कक्षा १-५ सञ्चालित विद्यालयमा कम्तिमा ३ बटा दरबन्दी कायम गरिने छ साथै थप वा त्यो भन्दा बढी शिक्षक दरवन्दिका लागी शिक्षक विद्यार्थी अनुपात १:१० का आधारमा कम्तिमा ३ र बढीमा ५ वटा शिक्षक दरबन्दी कायम गरिनेछ ।

(आ) उल्लेखित बुँदा (अ) को मापदण्डभन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरिनेछ।

(इ) माथि जुनसुकै कुरा लेखियता पनि दरवन्दी संख्या देहाय बमोजिम कायम गरिनेछ:

| क्र.स. | विद्यार्थी संख्या | दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | १० भन्दा कम | १ | आ(३-१)वि कक्षा. |
| २ | १०१५- | २ | आ(३-१)वि कक्षा. |
| ३ | १५+ | ३ | आ वि.कक्षा(३-१) |
| ४ | २०३०- | ४ | आ(५-१)वि कक्षा. |
| ५ | ३०+ | ५ | आ(५-१)वि कक्षा. |

**(ग)** कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरिनेछ।

(अ) कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्याको आधारमा बढीमा ५ वटा शिक्षक दरबन्दी कायम रहनेछ।

(आ) कक्षा ६ देखि ८ सम्मको आधारभुत तहमा सम्भब भएसम्म विषयगत आधारमा बढिमा ४ वटा दरबन्दी कायम गरिनेछ।

(इ) उल्लीखित बुँदा (अ) र (आ) को मापदण्ड भन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरिनेछ।

**(घ)** कक्षा १ देखि १० सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरिनेछ।

(अ) कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्याको आधारमा बढीमा ५ वटा शिक्षक दरबन्दी कायम रहनेछ।

(आ) कक्षा ६ देखि ८ सम्मको आधारभूत तहमा विषयगत आधारमा बढीमा ४ वटा दरबन्दी कायम गरिनेछ।

(इ) कक्षा ९ देखि १० सम्मको माध्यमिक तहमा विषयगत आधारमा कम्तिमा ५ वटा दरबन्दी कायम गरिनेछ।

(ई) उल्लेखित बुँदा (अ), (आ) र (इ) को मापदण्डभन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरिनेछ।

**(ङ)** कक्षा १ देखि १२ सम्म सञ्चालित विद्यालयमा देहायको आधारमा शिक्षक दरबन्दी कायम गरिनेछ।

(अ) कक्षा १ देखि ५ सम्म विद्यार्थी संख्याको आधारमा बढीमा ५ वटा शिक्षक दरबन्दी कायम रहनेछ।

(आ) कक्षा ६ देखि ८ सम्मको निम्न माध्यमिक तहमा विषयगत आधारमा बढिमा ४ वटा दरबन्दी कायम गरिनेछ।

(इ) कक्षा ९ देखि १२ सम्मको साधारण माध्यमिक तहमा विषयगत आधारमा बढिमा ८ वटा दरबन्दी कायम गरिनेछ।

(ई) उल्लेखित बुँदा (अ), (आ) र (इ) को मापदण्ड भन्दा बढी शिक्षक दरबन्दीलाई पुलको दरबन्दीको रुपमा गणना गरिनेछ।

**(च)** कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ट गणना गरी नियमावली बमोजिम न्युनतम दरबन्दी सुनिश्चित गरी विद्यालयगत दरबन्दी मिलान गर्ने।

**(छ)** उपदफा (च) बमोजिम दरबन्दी मिलान गर्दा खुद पुलमा रहने दरबन्दीलाई माध्यमीक तह सञ्चालन भई न्यून दरबन्दी भएका, विद्यार्थी संख्या उच्च भएका र विद्यालयको शैक्षिक उपलब्धिका आधारमा व्यवस्थापन गरिनेछ।

**(ज)** नगरपालिका भित्र संचालित विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्ने प्रयोजनको लागी शिक्षा शाखालाई सहयोग गर्न वा रोष्टर प्रशिक्षक व्यवस्था गर्नुपर्ने अवस्थामा खुदपुल दरबन्दीमा रहेका शिक्षक वा शिक्षकलाई प्रतिस्थापन गरी व्यवस्थापन गर्न सकिनेछ ।

(झ) विद्यालय समायोजन हुँदा विद्यार्थी अर्को विद्यालय जाने अवस्थामा त्यस्ता विद्यार्थीको पहिचान गरी नगरपालिकाले छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

(ञ) विद्यार्थी संख्या मापदण्ड वमोजिम नभएका तर भौगोलिक विकटताका कारणले समायोजन र मिलान गर्न कठिनाई भएका विद्यालयको मिलान र समायोजन नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**(ट)** पुलमा रहेका शिक्षक दरबन्दी लाई वितरण गर्दा परिच्छेद-३ को दफा-३ को मापदण्ड अनुसार वितरण गरीनेछ ।

(ठ) संघीय सरकारबाट दरबन्दी मिलान भएको अवस्थामा वा यो कार्यबिधि बाझिने अबस्था भएमा संघीय कानुन बमोजिम नै हुनेछ ।

**५. बालविकास सहजकर्ता र विद्यालय कर्मचारी दरवन्दी मिलान:** (१) बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई कार्यपालिकाको निर्णयानुसार शिक्षा अधिकृतले सरुवा तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद-४

## पुलमा रहने दरबन्दी सम्बन्धी व्यवस्था

**६. पुल दरबन्दी सम्बन्धी व्यवस्था :** दफा ३ बमोजिम आधारभुत तह (१-५) शिक्षक विद्यार्थी अनुपात र आधारभुत तह (१-८) तथा माध्यमिक तहमा विषयगत आधारमा दरबन्दी वितरण गर्दा पुल दरबन्दी बाट वितरण गरीनेछ, यसरी वितरण गर्दा बढी हुने दरबन्दी लाई खुदपुल दरबन्दीमा राखिनेछ ।

**७. माथिल्लो तहमा गणना हुने पुल दरबन्दी :** कक्षा ६ भन्दा माथि सञ्चालित विद्यालयको आधारभुत तह (१-५) मा बढि दरबन्दीलाई स्वतः सोही विद्यालयको निम्न माध्यमिक र माध्यमिक तहमा गणना गरिने छ ।

## परिच्छेद-५

## शिक्षक व्यवस्थापन

**८. शिक्षक व्यवस्थापनका आधारहरु** : दफा ४ बमोजिम पुलमा रहेको दरबन्दी सम्बन्धित निकायले पुन:वितरण गर्दा देहायको प्राथमिकताको आधारमा शिक्षकको स्थानान्तरण र पदस्थापना गरीनेछ :-

**(क)** पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्दा सम्भव भएसम्म क्रमश: रिक्त दरवन्दी, करार, राहत अनुदान र स्थायी कनिस्ठ शिक्षकलाई स्थानान्तरण गर्ने,

**(ख)** पुल दरबन्दी पुन:वितरण गरेको वा गरिने विद्यालयमा स्वैच्छिक रुपमा जान चाहने शिक्षकको लागि नगर कार्यपालिकाको कार्यालयले सात दिनको म्याद राखी निवेदन आव्हान गरी प्राप्त निवेदन उपर छानविन गरी उपयुक्तता समेत हेरी स्थान्तरण गर्ने, तर यसरी शिक्षकको स्थान्तरण गर्दा क्रमश: अपाङ्ग, महिला र ज्येष्ठ शिक्षकलाई यथासक्य घरपायक पर्ने गरी स्थान्तरण गर्ने ।

**(ग)** खण्ड (ख) बमोजिम निवेदन प्राप्त नभएमा शिक्षकको क्रमश: कनिष्ठताको आधारमा स्थान्तरण गर्ने,

**(घ)** करारमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई प्रा.वि. तहमा कनिष्ठताको आधारमा र नि.मा.वि तथा मा.वि. तहमां दोहोरिएका विषयको कनिष्ठताको आधारमा स्थान्तरण गर्ने,

**(ङ)** राहत अनुदानमा कार्यरत शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई प्रा.वि. तहमा कनिष्ठताको आधारमा र नि.मा.वि तथा मा.वि. तहमा दोहोरिएका विषयको कनिष्ठताको आधारमा स्थान्तरण गर्ने,

**(च)** स्थायी शिक्षकलाई निजले लिएको नियुक्ति मितिको आधार लिई प्रा.वि. तहमा कनिष्ठताको आधारमा र नि.मा.वि तथा मा.वि. तहमा दोहोरिएका विषयको कनिष्ठताको आधारमा स्थान्तरण गर्ने,

**(छ)** नि.मा.वि र मा.वि मा शिक्षक स्थानान्तरण गर्दा सम्भव भएसम्म उपल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुलाई

गरीनेछ।

(ज) दरवन्दी मिलान को क्रममा सम्बन्धित शिक्षकको चाहना र विद्यालयको आवश्यकताको आधारमा समान तहको कुनै पनि प्रकारको दरवन्दीको शिक्षक निवेदनका आधारमा साटफेर गर्न सकिनेछ।

(झ) शिक्षक दरबन्दी मिलानको क्रममा खुदपुल दरबन्दीलाई शिक्षा शाखा र समग्र भूमिकास्थानको शैक्षिक गुणस्तर सुधारमा प्रयोग गर्न सकिनेछ।

परिच्छेद - ६

**प्रधानाध्यापक व्यवस्थापन**

**९. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:** (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहेनेछ।

**१०. दरखास्त आह्वान गर्ने:** (१) नगरपालिकाले सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि १५ दिनको समयसिमा दिई दफा १२ बमोजिमको योग्यता पुगेका व्यक्तिलाई दरखास्त दिनको लागि सूचना आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त आह्वान गर्दा सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षक मध्येबाट दरखास्त आह्वान गर्नुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक कार्यरत नरहेमा नगरपालिका भित्रको जुनसुकै विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुबाट दरखास्त आह्वाव गर्न बाधा पर्ने छैन।

**११. दरखास्त दिने:** (१) दफा ८ बमोजिम दरखास्त आह्वान भए पश्चात प्रधानाध्यापक पदमा उम्मेदवार हुन इच्छुक व्यक्तिले तोकिएको समयसीमाभित्र विद्यालय विकास प्रस्ताव तथा आवश्यक कागजातहरुको प्रमाणित प्रति संलग्न राखी तोकिए बमोजिमको फाराम भरी शिक्षा शाखामा दरखास्त दिन सक्नेछन्। शिक्षा शाखाले पेश हुन आएका दरखास्त सङ्कलन र तिनको सूची तयार पारी प्रधानाध्यापक छनौट समिति समक्ष पेश गर्नेछ।

**१२. प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यता:** (१) सामुदायिक विद्यालयहरुमा प्रधानाध्यापक पदमा नियुक्तिका लागि आधारभूत तहको हकमा स्नातक र माध्यमिक तहको हकमा स्नातकोत्तर उत्तिर्ण सम्बन्धित तहको स्थायी शिक्षक हुनुपर्नेछ।

तर शिक्षाशास्त्र विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तिर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा र शिक्षाशास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरी पाँच वर्ष सम्बन्धित तहमा स्थायी सेवा गरेको शिक्षक आधारभूत तहको कक्षा (१-५) र (१-८) मा प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछन्।

**१३. प्रधानाध्यापक छनौट समिति: (१)** सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति गठन गरिनेछ :

**(क)** प्रमुख प्रशासकीय अधिकृत — **अध्यक्ष**

**(ख)** प्रशासन शाखा प्रमुख — **सदस्य**

**(ग)** माध्यमिक तहको प्रधानाध्यापक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको प्रधानाध्यापक छनौट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका व्यक्तिहरूमध्येबाट छनौट समितिले मनोनीत गरेको दुईजना — **सदस्य**

**(घ)** शिक्षा शाखा प्रमुख — **सदस्य–सचिव**

(२) छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः–

(क) प्रधानाध्यापक छनौटका लागि १५ दिने सूचना प्रकाशन गर्ने।

(ख) सूचनाको अवधिमा परेका निवेदनहरूको पूर्व योग्यताका आधारमा रुजु गरी उम्मेदवारी स्वीकृत वा अस्वीकृत भएको जानकारी सार्वजनिक सूचना मार्फत उम्मेदवारलाई दिने।

(ग) प्रधानाध्यापक छनोटका आधारमा मूल्याङ्कन गर्न ढाँचा विकास गर्ने।

(घ) प्रधानाध्यापक छनोट र मापदण्डका आधारमा उम्मेदवारहरूको अन्तर्वार्ता पूर्वको मूल्याङ्कनको समष्टिगत तयार गर्ने।

(ङ) अन्तर्वार्ता सञ्चालनका लागि सूचना प्रकाशन गरी तोकिएको मिति र समय तालिकामा अन्तर्वार्ता सञ्चालन गर्ने।

(च) तोकिएको मापदण्डको आधारमा विद्यालय विकास प्रस्तावको मूल्याङ्कन गर्ने/गराउने ।

(छ) मूल्याङ्कनको सबै चरण समाप्त गरी कुल प्राप्ताङ्कको आधारमा एकमुष्ट योग्यताक्रमको समष्टिगत सूची तयार गरी प्रकाशन गर्ने ।

(ज) अन्तिम एकमुष्ट योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरुलाई प्रधानाध्यापकको रुपमा विभिन्न विद्यालयमा पदस्थापन गर्न सिफारिस साथ कार्यपालिकामा पेश गर्ने ।

(झ) प्रधानाध्यापक छनौट तथा सिफारिससँग सम्बन्धित अन्य आवश्यक काम गर्ने ।

(३) समितिले छनोट समितिमा आवश्यकताका आधारमा विषयविज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(४) छनोट समितिको बैठक तथा अन्य कार्य सो समितिले आफैँले तोके अनुसार हुनेछ ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमको मनोनीत सदस्यको पदावधि मनोनयनको मितिले १ वर्षको हुनेछ ।

**१४. <u>प्रधानाध्यापक छनौटको आधार तथा मापदण्ड</u> :**(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनौटको लागि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ । मूल्याङ्कनको आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछ ।

**प्रधानाध्यापक छनौटका आधारहरू**

| **छनौटका आधारहरू** | **अंक** |
|---|---|
| १. शैक्षिक योग्यता | १५ |
| (क) न्यूनतम शैक्षिक योग्यता | १० |
| (ख) माथिल्लो शैक्षिक योग्यता | ५ |
| २. शिक्षण अनुभव | २० |
| ३. तालिम | १२ |
| (क) शैक्षिक तालिम | १० |
| (ख) विद्यालय व्यवस्थापन तालिम | २ |
| ४. अध्यापन गरेको विषयमा प्राप्त नतिजा | १२ |
| ५. विद्यालय विकास प्रस्ताव | १४ |
| (क) विद्यालय विकास प्रस्ताव | १० |
| (ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण | ४ |
| ६. अन्तर्वार्ता मूल्याङ्कन | १५ |
| (क) व्यक्तित्व / प्रस्तुतीकरण | २ |
| (ख) नेतृत्व लिने क्षमता | ५ |
| (ग) शैक्षिक प्रशासन सम्बन्धी ज्ञान | ५ |
| (घ) विद्यालय व्यवस्थापनमा नवप्रवर्तन | ३ |
| ७. सूचना तथा प्रविधि सम्बन्धी ज्ञान | १२ |
| (क) ICT सम्बन्धी | ७ |
| (ख) IEMIS सम्बन्धी | ५ |
| **जम्मा** | **१००** |

**(१) शैक्षिक योग्यता – १५ अंक**

**(क) न्यूनतम शैक्षिक योग्यता वापत १० अंक**

१. प्रथम श्रेणी भए १० अंक

२. द्वितीय श्रेणी भए ८ अंक

३. तृतीय श्रेणी भए ६ अंक

४. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अंक प्रदान गर्ने।

**(ख) माथिल्लो शैक्षिक योग्यता वापत ५ अंक**

१. प्रथम श्रेणी भए ५ अंक

२. द्वितीय श्रेणी भए ४ अंक

३. तृतीय श्रेणी भए ३ अंक

४. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अंक प्रदान गर्ने।

**पुष्ट्याइँ:** माध्यमिक तहको हकमा एमफिल डिग्री, आधारभूत तह (कक्षा १–५ र कक्षा १–८) को हकमा स्नातकोत्तर डिग्रीलाई माथिल्लो योग्यता मानिनेछ।

**(२) शिक्षण अनुभव – २० अंक**

(क) सम्बन्धित तहमा स्थायी नियुक्ति पाई कामकाज गरेको प्रति वर्ष **२.५ अंक**का दरले र अस्थायी/राहत करारमा नियुक्ति भई कामकाज गरेको भए प्रति वर्ष **१.५ अंक**का दरले बढीमा **२० अंक**।

**(३) तालिम वापत – १२ अंक**

**(क) शैक्षिक तालिम वापत १० अंक**

न्यूनतम १० महिनाको प्रमाणपत्रसहितको सेवाकालीन तालिमका लागि (यस वापत शिक्षक पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सरहको शिक्षा शास्त्र विषय अध्ययन गरेको तालिम लिएको मानिनेछ)।

१. प्रथम श्रेणी भए १० अंक

२. द्वितीय श्रेणी भए ८ अंक

३. तृतीय श्रेणी भए ६ अंक

शिक्षकले सम्बन्धित तहका लागि लिएको कुनै एउटा तालिम वापत मात्र अंक पाउनेछ।

**(ख) विद्यालय व्यवस्थापन वा प्रधानाध्यापक सम्बन्धी तालिम वापत २ अंक**

शिक्षा तालिम केन्द्रले सञ्चालन गरेको नेतृत्व विकास सम्बन्धी कम्तीमा एक महिनाको प्रधानाध्यापक तालिम लिएको भए **२ अंक** प्रदान गर्ने।

**(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत १२ अंक**

अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत शिक्षकले रोजेको (तहगत रूपमा माध्यमिक तहको भए माध्यमिक कक्षाहरू, आधारभूत तहको भए आधारभूत तहका कक्षाहरू) कक्षा र विषयको पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा ४ अंकका दरले १२ अंक दिइनेछ।

अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अंक दिँदा प्रति वर्ष देहायका आधारमा दिइनेछ:

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको पालिकाको औसत उत्तीर्ण प्रतिशत}} \times ४$$

सम्बन्धित विद्यालय बाहेक अन्य विद्यालयका शिक्षक प्रधानाध्यापक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धिका आधारमा यस खण्डअनुसारको मूल्याङ्कन गर्नुपर्नेछ।

**(५) विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन कुल अंक – १४**

**(क) विद्यालय विकास प्रस्तावका देहायबमोजिम १० अंक हुनेछ:**

- (अ) विद्यालयको वर्तमान शैक्षिक, भौतिक र आर्थिक अवस्थाको विश्लेषण – ३ अंक
- (आ) विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि – ३ अंक
- (इ) विद्यालयको वर्तमान शैक्षिक स्थिति र अपेक्षित उपलब्धि बीचको सूचकगत अन्तर – २ अंक

- (ई) अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचानसहितको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना – २ अंक

**(ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण – ४ अंक**

**पुष्ट्याइँ:** विद्यालय विकास प्रस्ताव मुल्याङ्कन दफा १३ को खण्ड (ख) बमोजिमका दुई जना विषयविज्ञले गर्नुपर्नेछ।

**(६) अन्तर्वार्ता मूल्याङ्कन : कुल अंक – १५**

**(क) अन्तर्वार्ताको देहायबमोजिम १५ अंक हुनेछः**

(अ) व्यक्तित्व / प्रस्तुतीकरण – २ अंक

(आ) नेतृत्व लिने क्षमता – ५ अंक

**नेतृत्व क्षमता मूल्याङ्कन फाराम**

| **मूल्याङ्कनका आधार** | **अति उत्तम (२५.१)** | **उत्तम (०.१)** | **मध्यम (७५.०)** | **सामान्य (५०.०)** |
|---|---|---|---|---|
| (कशिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील ( | | | | |
| (ख विद्यालयको शैक्षिक (गुणस्तरप्रतिको समर्पण भाव | | | | |
| (गविद्यालयको शैक्षिक गुणस्तर विकासका लागि ( योजना निर्माण, कार्यान्वयन र मूल्याङ्कन गर्न र विद्यार्थी, शिक्षक र व्यवस्थापन समितिबीच प्रभावकारी सम्बन्ध स्थापना गर्न तथा समुदायलाई प्रभावकारी रूपमा परिचालन गर्न सक्ने क्षमता | | | | |
| (घपारदर्शिता सम्बन्धी व्यवहार / उत्तरदायित्व ( | | | | |

(इ) शैक्षिक प्रशासन सम्बन्धी ज्ञान – ५ अंक

| **मूल्याङ्कनका आधार** | **अति उत्तम (२५.१)** | **उत्तम (०.१)** | **मध्यम (७५.०)** | **सामान्य (५०.०)** |
|---|---|---|---|---|
| (कयोजना निर्माण/क्यालेण्डर ( | | | | |
| (खबजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन ( | | | | |
| (गमूल्याङ्कन सीप/निर्णय गर्ने क्षमता ( | | | | |
| (घकानुनी ज्ञान ( | | | | |

(ई) विद्यालय व्यवस्थापनमा नवप्रवर्तन – ३ अंक

**पुष्ट्याइँ:** अन्तर्वार्ता सञ्चानको लागि प्रमुख प्रशासकीय अधिकृत, दफा १३ को खण्ड (ख) बमोजिमको एक जना र वरिष्ठ शिक्षा अधिकृत सहितको तीन सदस्यीय अन्तर्वार्ता समिति गठन हुनेछ।

**(७) सूचना तथा प्रविधि सम्बन्धी ज्ञान – कुल अंक १२**

| **क्र.सं.** | **परीक्षणको क्षेत्र** | **पूर्णाङ्क** |
|---|---|---|
| | **ICT सम्बन्धी** | **७** |
| १ | कम्प्युटरको आधारभूत सीप )Windows, File Management, MS Word, Power Point and Excel) | ३ |
| २ | Typing (Nepali and English) | २ |
| ३ | इमेल, इन्टरनेट तथा Google Drive/Online प्रणालीको प्रयोग | २ |
| | **(ख (IEMIS सम्बन्धी** | **५** |
| ४ | IEMIS मा विवरण प्रविष्टि, नतिजा विश्लेषण, प्रतिवेदन तयारी, अद्यावधिक तथा | ५ |

| | | |
|---|---|---|
| | माग फाराम भर्ने | |
| | **जम्मा** | १२ |

१५. **प्रधानाध्यापकको नियुक्ति :** (१) प्रधानाध्यापक छनौट समितिले यस कार्यविधि बमोजिम प्रधानाध्यापक पदमा सिफारिस भएका उम्मेदवारहरुलाई नगर कार्यापालिकाले स्वीकृत गरेपछी शाखा प्रमुखले कार्यसम्पादन करार गरी नियुक्ति प्रदान गर्नेछ।

१६. **प्रधानाध्यापकको पदावधि:** (१) प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ र निज पुन: सो पदमा नियुक्त हुन सक्नेछ।

(२) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा स्थानीय तहको शिक्षा सम्बन्धी विषय हेर्ने शाखा प्रमुख वा निजले तोकेको अधिकृतले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा नगर प्रमुखले निजलाई प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन सक्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मनासिब मौकाबाट वञ्चित गरिनेछैन।

१७. **दरवन्दी व्यवस्थापन:** (१) सामुदायिक विद्यालयहरुको प्रधानाध्यापक पदको लागि दरवन्दी व्यवस्थापन गरिनेछ।

(२) एकै विद्यालयमा एक तहमा एक विषयको लागि एक भन्दा बढि विषय भएमा सो मध्ये कनिष्ट शिक्षकलाई अन्यत्र दरवन्दी नभएको विद्यालयमा दरवन्दी सहित मिलान गरिनेछ।

(३) माध्यमिक र आधारभूत तहको विषयगत शिक्षक प्रधानाध्यापक छनौट भई पदस्थापन भएमा पदस्थापन भएको विद्यालयमा छनौट भएको प्रधानाध्यापक सँग मिल्ने राहत/करार दरवन्दी भए सो दरवन्दीलाई अन्य सम्बन्धित विषयगत दरवन्दी भएको विद्यालयमा मिलान गरिनेछ। यसरी मिलान गर्दा प्रधानाध्यापक पदमा नियुक्त लिई सो शिक्षक कार्यरत भई रिक्त भएको विद्यालयलाई प्राथमिकता दिइनेछ।

## परिच्छेद-७

## विविध

१८. **शिक्षक स्थानान्तरण भएको स्थानमा जानुपर्ने :** यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ। यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकहरुलाई सम्बन्धित विद्यालयले हाजिर गराउन बाध्य हुने छैन।

१९. **विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्ने :** दरबन्दी सहित वा यस कार्यविधि वमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ।

२०. **प्रधानाध्यापक जिम्मेवार हुने :** यस कार्यविधि बमोजिम दरबन्दी पुन:वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थान्तरण भई आएका शिक्षकलाई हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालको प्रधानाध्यापकको हुनेछ।

२१. **आवधिक दरबन्दी मिलान सम्बन्धी व्यवस्था :** **(क)** जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुन गई दरबन्दी मिलान तथा पुन:वितरण गर्न आवश्यक देखिएमा यस कार्यविधि अनुसार दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्नेछ।

**(ख)** उपदफा (क) बमोजिम दरबन्दी मिलान तथा पुन:वितरण गर्दा शैक्षिकसत्र सुरु हुनुभन्दा अगावै दरबन्दी मिलान तथा पुन:वितरण सम्पन्न गरि नयाँ शैक्षिकसत्र सुरु हुदाँको बखत शिक्षक स्थानान्तरण भएको विद्यालयमा हाजिर हुने वातावरण समेत मिलाउनु पर्नेछ।

तर यो कार्यविधि जारी हुँदाको बखत पहिलो पटकका लागि दरबन्दी मिलान गर्दा यो उपदफा बाधक हुनेछैन।

२२. **समन्वय तथा सहयोग गर्नु पर्ने :** जनप्रतिनिधिहरु, स्थानीय राजनीतिक दलहरु तथा स्थानीय शिक्षकको पेशागत संघसंगठनहरुले शिक्षक दरबन्दी पुन:वितरण तथा शिक्षक व्यवस्थापनका लागि स्थानीय तहले गरेका कार्यहरुमा आवश्यक समन्वय तथा सहयोग गर्नुपर्नेछ।

२३. **बाधा अड्काउ फुकुवा हुने :**

यो कार्यविधि कार्यन्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा फुकुवा गर्नको लागि नगर कार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्न सक्नेछ।

**अनुसूची–१**

**विद्यालय विकास प्रस्तावको नमूना**

१. प्रस्तावना

२. पृष्ठभूमि

३. समस्याको विश्लेषण

४. प्रस्तावको उद्देश्य

५. प्रस्तावित कार्यक्रमहरू

| **क्र.सं.** | **कार्यक्रम** | **अपेक्षित परिमाण** |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

**६. कार्यान्वयनको खाका**

**७. स्रोत व्यवस्थापनको कार्ययोजना**

| **क्र.सं.** | **शीर्षक** | **अनुमानित रकम (रु.)** |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| **जम्मा** | | |

८. अपेक्षित उपलब्धि

९. अनुगमन तथा मूल्याङ्कन

१०. दिगोपना तथा जोखिम व्यवस्थापन

११. विद्यालय व्यवस्थापनमा नवप्रवर्तन/नवीनतम उपायहरू

आज्ञाले
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत